मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १७ गते मंगलबार ❑ 1 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## युवा लक्षित लगानी र जलवायुमैत्री शासनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

सरोकार भएकाहरूले युवा लक्षित लगानी वृद्धि, युवा तथा जलवायुमैत्री स्थानीय शासन प्रणालीको विकासमा जोड दिएका छन् ।

ब्रिटिस काउन्सिल नेपालसँगको सहकार्यमा जागृति बाल तथा युवा सरोकार नेपालले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा युवा, जलवायु र वातावरणसँग सम्बन्धित नीति निर्माण प्रक्रिया तथा तीनै तहका सरकारमा युवाको पहुँच सुनिश्चित गरिनुपर्नेमा जोड दिएका हुन् । गण्डकी प्रदेशको मध्यबिन्दु नगरपालिका क्षेत्रमा बालिका सशक्तीकरण कार्यक्रम र सुनवल नगरपालिकामा रहेका युवा अभियन्ताले विद्यमान संरचनामा युवा प्रतिनिधित्वको प्रभावकारी कार्यान्वयन गर्नुका साथै युवामैत्री स्थानीय शासनका लागि थप स्रोत र लगानी परिचालन गर्न आवश्यक रहेकामा जोड दिए ।

गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका युवाहरूले वर्षाको चुनौतीका बाबजुद समुदायमा गरिएका सकारात्मक कामको अनुभव बाँड्दै युवामा लगानी गर्नाले उनीहरूको क्षमता अभिवृद्धि हुने र जलवायुसम्बन्धी अभियान अझै प्रभावकारी हुने बताए । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा सुदीप ठकुरीले जलवायु अनुकूलन र समावेशी कदमका लागि युवा नेतृत्व अपरिहार्य भएको र यस्ता अभियानमा सशक्त भएर लाग्न युवालाई आग्रह गर्नुभयो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) नेपालका विनिता कार्कीले जलवायुमैत्री शासन र युवामैत्री शासन प्रवर्द्धनमा राष्ट्रिय युवा परिषद् र जागृति बाल तथा युवा सरोकार नेपालसँगको सहकार्यमा विगतमा भएका असल अभ्यासको अनुभव सुनाउँदै यसबाट गरे के हुन्न भन्ने उदाहरण प्रस्तुत भएको बताउनुभयो । ब्रिटिस काउन्सिल नेपालका कार्यक्रम व्यवस्थापक केवल श्रेष्ठले युवालाई वातावरण संरक्षणसँग सम्बन्धित विषयमा ज्ञान र सीप दिएर परिवर्तनका बाहकका रूपमा क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय प्रकृति संरक्षण कोषका गोविन्दप्रसाद पोखरेलले युवासँग सहकार्य गर्न तयार रहेको बताउँदै वातावरण संरक्षण र पर्यावरणको विकासका निम्ति अगाडि बढ्न आग्रह गर्नुभयो ।

गैरसरकारी संस्था महासङ्घ नेपालकी वरिष्ठ उपाध्यक्ष नानीमाया थापाले पैसा हुँदा मात्र कार्यक्रम सञ्चालन गर्ने नभई साझेदारीको माध्यमबाट कार्यक्रमलाई दिगो बनाउनुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभाका सदस्य तथा कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य सूर्य ढकालले विपद् सूचना प्रणालीलाई व्यवस्थित गरी लागू गर्ने र पाठ्यक्रममा विपद्को विषय राख्ने योजना रहेको सुनाउनुभयो । युवाको विकास, समृद्धि र उद्यमशीलता प्रति सरकार एवं संसद् गम्भीर रहेको उहाँको भनाइ थियो ।

## कास्की जिल्लालाई पूर्ण खोप सुनिश्चितता दिगोपना जिल्ला घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार



कास्की जिल्लालाई पूर्ण खोप सुनिश्चितता दिगोपना जिल्ला घोषणा गरिएको छ ।

सोमबार जिल्ला खोप समन्वय समिति कास्कीको आयोजनामा गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले उक्त घोषणा गर्नुभयो । मन्त्री पाठकले नागरिकलाई चेतनाको वृद्धि गराई रोगबाट सुरक्षित राख्न प्रदेश सरकारले प्राथमिकता दिएको बताउनुभयो ।

सर्ने र नसर्ने दुवै रोगबाट नागरिक सुरक्षित भए मात्र समृद्धिको यात्रा सहज हुने भन्दै, प्रदेश सरकार मातहतका अस्पतालहरू स्तरोन्नति गर्ने कार्यमा लागेको जानकारी दिनुभयो । उहाँले अस्पतालहरूको क्षमता वृद्धिसँगै सेवा-सुविधा तथा नागरिक स्वास्थ्य कार्यक्रमहरूलाई अघि बढाइएको उल्लेख गर्नुभयो । स्वास्थ्य जनशक्ति प्रदेशमै उत्पादन गर्न र प्रदेशमा विशिष्टीकृत अस्पताल सञ्चालनको तयारी भइरहेको जानकारी पनि उहाँले दिनुभयो । प्रदेशलाई आवश्यक मानव स्रोतसहित अन्य सेवाको व्यवस्थित सञ्चालनमा सरकार केन्द्रीत रहेको पनि बताउनुभयो।

उहाँले मानसिक रोग भयावह बन्दै गएकाले त्यसका लागि विशेष अस्पताल आवश्यक देखिएको र त्यसतर्फ उल्लेख्य सुधारका काम अघि बढाइएको दाबी गर्नुभयो । स्वास्थ्य र आरोग्यताको क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूका समस्या सम्बोधन गर्न मन्त्रालयबाट पहलकदमी लिइएको जानकारी दिनुभयो ।

जिल्ला खोप समन्वय समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले शुद्ध सेवा भावबाट उत्प्रेरित स्वयंसेविका, सरकारी संयन्त्र र आम कास्कीबासीको सहयोगबाट पूर्ण खोप सुनिश्चितता सम्भव भएको भन्दै आरोग्य र स्वस्थ कास्कीबासी निर्माणको आधार तयार हुँदै गएको बताउनुभयो । कार्यक्रममा पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल कास्कीकी अध्यक्ष भीमा पौडेल, प्रादेशिक स्वास्थ्य निर्देशनालय गण्डकीका महानिर्देशक खिमबहादुर खड्का, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी कास्कीका सहसचिव एकराज सापकोटा, नेकपा (एमाले) कास्कीका उपसचिव सन्तु सुवेदी, नेपाली कांग्रेस कास्कीका सहसचिव नवीन सिग्देल लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा ६० वर्ष उमेर पूरा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मानसहित विदाइ पनि गरिएको थियो। कार्यक्रम जिल्ला खोप समन्वय समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा स्वागत जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो भने सञ्चालन प्रादेशिक जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले गर्नुभएको थियो ।

## मध्यअसारसम्म गण्डकीमा अपेक्षित रुपमा रोपाइँ हुनसकेन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

असार १५ सम्म गण्डकी प्रदेशमा २८ दशमलव २० प्रतिशत रोपाइँ भएको छ ।

प्रदेश कृषि विकास निर्देशनालयका अनुसार २६ हजार पाँच सय ६२ हेक्टरमा रोपाइँ भइसकेको छ । सबैभन्दा बढी बागलुङमा ४५ प्रतिशत, कास्कीमा ४३, म्याग्दीमा ३४, लमजुङमा ३४, नवलपुरमा २९, पर्वतमा २५, तनहुँमा १८, स्याङ्जामा १८ र गोरखामा १० प्रतिशत रोपाइँ भएको हो ।

वर्षा कम हुँदा र पानीका मूल नफुटेका कारण अपेक्षित रुपमा रोपाइँ हुन नसकेको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले बताउनुभयो। "असार १५ सम्मको अवस्था हेर्दा गत वर्षको तुलनामा कम रोपाइँ भएको देखिन्छ", उहाँले भन्नुभयो, "बाह्रैमास सिँचाइ सुविधा भएका ठाउँमा रोपाइँ भइसकेको छ, आकाशे पानीमा निर्भर हुनुपर्ने ठाउँमा अपेक्षित रुपमा वर्षा नहुँदा रोपाइँ ढिलो भइरहेको छ ।" वर्षाले साथ दिएमा असार अन्त्यसम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने उहाँको भनाइ छ । मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । यस वर्ष ९४ हजार एक सय ८२ हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान गरिएको निर्देशनालयले जनाएको छ । गत वर्ष ९६ हजार ५३ हेक्टर र आव २०७९/८० मा ९७ हजार सात सय ६९ हेक्टरमा धानखेती गरिएको थियो । यसले पछिल्लो समय धानखेतीको क्षेत्रफल घट्दै गएको देखाउँछ । घरघडेरीका नाममा धानको उब्जाउ क्षेत्र नासिनु, तीव्र सहरीकरण जस्ता कारणले धानखेतीको क्षेत्रफल खुम्चदैँ गएको हो ।

क्षेत्रफल घटेपछि सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकीरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुनसके धानको उत्पादकत्व बढ्ने कृषि अर्थ विज्ञ पौडेलले बताउनुभयो । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको निर्देशनालयले जनाएको छ ।

नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ। गोरखाको छेपेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् ।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ ।

## पदमार्ग सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा राउण्ड फेवा भ्यू फेवा हाइकिङ पदमार्गको सरसफाइ गरिएको छ ।

टान गण्डकीको आयोजनामा नेपाल पर्यटन बोर्ड र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सहकार्यमा पोखरामा सञ्चालित पर्यटक पथ प्रदर्शक, ट्रेकिङ गाइड र पोटर गाइड तालिमका सहभागीले आज राउण्ड फेवा भ्यू फेवा पदमार्गको सरसफाइ तथा हाइकिङ गरेको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । पदमार्गमा सङ्कलित फोहर डुङ्गामार्फत ओसारी व्यवस्थापन गरिएको थियो । फेवातालको काखमा माछापुच्छ्रे हिमालयको सुन्दर दृश्यसँगै पोखराको दृष्यावलोकनका लागि यो पदमार्ग उपयुक्त रहेको उहाँले बताउनुभयो ।

फेवा तालको ड्याम साइडबाट रानीवन, मेवाखोला हुँदै मार्गीसम्म एक दिनको हाइकिङ गर्न सकिने उल्लेख गर्दै अध्यक्ष आचार्यले टानले फेवाताललाई केन्द्रमा राखेर पोखरा आउने पर्यटकलाई छोटो दूरीको फेवा हाइकिङ पदमार्गका रूपमा यसको प्रवर्द्धन गरेको बताउनुभयो। सरसफाइकार्यक्रममा पोखरा महानगरपालिका-२२ का वडाअध्यक्ष हिमलाल बरालले यो पदमार्ग निर्माण सम्पन्न हुँदा फेवावतालको एक फन्को लगाउन सकिने र त्यसका लागि पदमार्ग स्तरोन्तिको काम भइरहेको बताउनुभयो । आगामी आर्थिक वर्षमा करिब १३ किलोमिटर पदमार्ग निर्माण सम्पन्न गर्ने उहाँले जानकारी दिनुभयो । पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले पदमार्ग सफाइ अभियान चालाउनुपर्ने उल्लेख गर्दै त्यसका लागि पर्यटक पथप्रदर्शक, ट्रेकिङ


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## दुई जिल्लामा नर्सिङ र एचएको पढाइ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

गण्डकी प्रदेश सरकारले आगाामी आवदेखि बागलुङको धवलागिरि अस्पतालमा स्टाफ नर्स र गोरखाको आँपपिपल अस्पतालमा स्वास्थ्य सहायक (एचए) विषयको पढाइ सुरु गर्ने भएको छ ।

सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)सँगको सहकार्यमा ती विषयको पठनपाठन सुरु गर्ने निर्णय गरेको प्रदेश स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो ।

"एसइईको नतिजा आइसकेको छ, साउनदेखि नै पढाइ सञ्चालन गर्ने गरी तयारी अगाडि बढाइएको छ", उहाँले भन्नुभयो, "यसका लागि स्वास्थ्य मन्त्रालय र सिटिइभिटीले आवश्यक बजेटसमेत विनियोजित गरिसकेको छ, मन्त्रिपरिषद्बाट निर्णय भएकाले अब यो कार्यान्वयनमा जान्छ ।" यसका लागि स्वास्थ्य मन्त्रालयले रु एक करोड बजेट विनियोजन गरेको छ । भौतिक पूर्वाधारदेखि र मानवसंसाधनको उपलब्धता रहेकाले दुवै विषयको पढाइ सुरु गर्न कुनै समस्या नरहेको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो ।

मन्त्रालयले धवलागिरि प्रादेशिक अस्पताललाई हालै १०० शय्यामा स्तरोन्नति गरिएपछि स्टाफ नर्स पढाउने बाटो खुलेको हो । स्वास्थ्य सहायक पढाउने तयारी भइरहेको गोरखाको आँपपिपल अस्पताललाई पनि अहिले ५० शय्यामा स्तरोन्नति गरिएको छ । स्टार्फ नर्सका लागि बागलुङ नगरपालिका-१४ स्थित 'सिटिइभिटी'को भवनमा सैद्धान्तिक विषयको पढाइ र व्यवहारिक अभ्यास धवलागिरि अस्पतालमा हुने जनाइएको छ । गोरखाको आँपपिपल अस्पतालमा स्वास्थ्य सहायक पठनपाठनका लागि भने केही पूर्वाधार थप्नुपर्ने आवश्यकता रहेकाले सोको तयारी अगाडि बढाइएको स्वास्थ्यमन्त्री पाठकको भनाइ छ । पालुङटार नगरपालिकाअन्तर्गत रहेको उक्त अस्पताल गत वर्षमात्र प्रदेश सरकार मातहत ल्याइएको थियो । यी अस्पतालमा स्टाफ नर्स र स्वास्थ्य सहायक विषयको पढाइ सुरु भएमा स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका दृष्टिले महत्वपूर्ण उपलब्धी हुने स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । प्राविधिक विषयको पढाइ सुरु गर्ने विषयमा 'सिटिइभिटी'को उच्च नेतृत्वसँग मुख्यमन्त्री र मन्त्रालयतहबाट यसअघि पनि छलफल हुँदै आएको थियो । न्यून आय भएका र सिमान्तकृत समुदायका विद्यार्थीलाई प्रदेश सरकारबाट पूर्ण छात्रवृत्तिको सुविधासमेत दिन सकिने जनाइएको छ । पछिल्लो समय स्वास्थ्य क्षेत्रमा प्राविधिक विषय पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएकामा यी विषयको अध्ययनअध्यापनमा जोड दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। जिल्लास्तरमा नर्सिङ, स्टाफ नर्सलगायत चिकित्सा विषयको पढाइ नहुँदा ग्रामिण भेगका विद्यार्थी ठूलो रकम खर्चेर पोखरालगायत सहरमा जानुपर्ने बाध्यता छ । बागलुङ र गोरखामा 'सिटिइभिटी'का भवनलगायत संरचना भएका कारण पहिलो चरणमा ती दुई अस्पतालमा स्टार्फ नर्स र स्वास्थ्य सहायक विषय पढाउने तयारी गरिएको हो ।


### प्लाष्टिक प्रयोगमा कटौती गरौं

प्लास्टिक प्रयोगले:
- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदूषण हुन्छ,
- पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुर्‍याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

त्यसैले,
- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- "प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,

*"वातावरणको संरक्षण गरौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालश्रमविरुद्ध साझा अभियान जरुरी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार




तीनवटै तहका सरकार,समाज र सामाजिक संघ/संस्थाहरुको सामूहिक प्रयासलले मात्र सहरी क्षेत्रमा हुने निकृष्ट प्रकारको बालश्रम रोक्न सकिने एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । श्रम क्षेत्रमा रहेका बालबालिकाहरुको पुनर्स्थापना,पारिवारिक पुनर्मिलन तथा अनौपचारिक/औपचारिक शिक्षाका कार्यक्रमहरु पनि सँगसँगै संचालनमा ल्याउनुपर्नेमा पनि उनीहरु एकमत देखिएका छन् ।

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रले संचालनमा ल्याएका कार्यक्रमहरुको सामाजिक लेखाजोखा तथा सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै प्रमुख अतिथि, बालश्रमविरुद्धको अभियन्ता तथा स्वान्त सुखाय परोपकार प्रतिष्ठानका अध्यक्ष प्रा.डा.कृष्णकुमार श्रेष्ठले बालबालिकाहरुलाई श्रममा नलगाउने वातावरण बनाउन र उनीहरुलाई उचित शिक्षा दिँदा नै यो समस्या समाधान हुने धारणा राखे । स्वान्त सुखाय परोपकार प्रतिष्ठानले पोखरामा रहेका बालश्रमिकहरुका निम्ति अनौपचारिक शिक्षाका कार्यक्रम संचालन गरिरहेको छ ।

श्रम कार्यालय पोखराका प्रमुख उपसचिव सुरेश ढकालले कानूनले बालश्रम निषेध गरे पनि सहरी क्षेत्रमा विभिन्न बहानामा बालबालिकालाई काममा लगाउने गरिएको बताउँदै रोजगारदाता लक्षित सचेतना कार्यक्रमका साथै उनीहरुका अभिभावकलाई पनि दायित्ववोध गराउनुपर्ने बताए । उनले श्रमिक बालबालिकाको पारिश्रमिक, मानशिक र शारीरिक स्वास्थ्यबारे ख्याल नराख्नेहरु दण्डको भागिदार हुने बताए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको सामाजिक विकास केन्द्रले बालश्रम उन्मूलनको लागि गरेका कामहरुबारे चर्चा गर्दै यो अभियानमा सरकारी निकायहरुको सहयोग कम भएको गुनासो गरे । नजिकको सिंहदरबार भनिएको स्थानीय तहहरु सक्रिय हुने हो भने बालश्रम रोक्न सकिने उनको भनाइ थियो । शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले कसैले कमजोर आर्थिक अवस्था रहेका बालबालिकाहरुलाई कसैले उचित हेरचाहसहित शिक्षा दिएको छ भने त्यसलाई बालश्रम मान्न नहुने र व्यवहारिक पाटो हेर्नुपर्ने धारणा राखे । पोखरा ४ की वडासदस्य पार्वती माकाजूले अभिभावकहरुको आर्थिक अवस्था कमजोर हुँदा बालबालिकाहरु पनि श्रममा जान बाध्य भएको बताउँदै यो समस्या निराकरणको लागि अभिभावकहरुको आर्थिक सवलीकरणमा ध्यान दिनुपर्ने बताइन् । शिक्षा महाशाखा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले पोखरामा पछिल्लो समय सडक बालबालिकाको संख्यामा कमी आएको बताउँदै बालश्रमविरुद्ध समाज एकजुट हुनुपर्नेमा जोड दिए ।

सामाजिक विकास केन्द्रका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले बालश्रम समाजको कलङ्क भएको बताउँदै सामाजिक विकास केन्द्रले अनेकौं समस्याका बाबजुद पनि विभिन्न कार्यक्रममार्फत् त्यसविरुद्ध अभियान संचालन गरिरहेको बताए । सार्वजनिक सुनुवाइ कार्यक्रमका सहजकर्ता भक्तराज रसाइलीका अनुसार सामाजिक विकास केन्द्रको अध्ययनबाट पोखरामा ३ सय २३ जना बालिकासहित १ हजार १ सय ४७ जना बालश्रमिक रहेको बताए । तीमध्ये वर्क्ससप,ग्यारेज र मेटल उद्योगमा काम गर्नेको संख्या करिब ६ सय ५० रहेको छ ।

वर्क्ससपमा काम गर्ने ती बालकहरु त्यहीँको सानो कोठामा सुत्ने, सामूहिक रुपले खाना खाने र मुख्य मिस्त्रीलाई सघाउने गरेको बताए । वर्क्ससपमा काम गर्नेहरु बालकहरुमध्ये अधिकांश भारतीय मुलका रहेका तथा उनीहरुलाई आफ्नै आमाबाले काम सिक्नको लागि ग्यारेज संचालकको जिम्मा लगाएर पठाउने गरिएको पाइएको उनको भनाइ छ । सामाजिक विकास केन्द्रले त्यस्ता बालबालिकाहरुलाई कार्यस्थलमै गएर अनौपचारिक शिक्षा दिने गरेको र त्यो कार्यक्रमलाई ग्यारेज र वर्क्ससप संचालन एवं बालबालिकाहरुले पनि प्रशंसा गरेको उनको भनाइ थियो । किडासाको सहयोगमा सामाजिक विकास केन्द्रले ग्यारेजमै पुगेर शिक्षा दिने,श्रमिक धेरै भएको बस्ती क्षेत्रका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने, अतिरिक्त कक्षा संचालन गर्ने एवं शैक्षिक सामग्री सहयोग गर्दै आइरहेको परियोजनाकी विजया अधिकारीले जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै पोखरा महानगपालिकाको सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्माले सहरी क्षेत्रमा रहेका बालश्रमिकको अधिकार रक्षा महानगरको पनि दायित्व भएको स्वीकार्दै उनीहरुको अधिकार सुनिश्चित गर्न सक्दो प्रयत्न गर्ने बताइन् । अहिले नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा आएको छ । पोखरा महानगरपालिकाले पोखरालाई बालश्रम मुक्त बनाउने घोषणा गरिसकेको छ । जिल्ला प्रहरी कार्यालय कास्कीकी प्रहरी निरीक्षक एवं महिला तथा बालबालिका सेल प्रमुख सरला ढकालले कोही कसैले बालबालिकालाई श्रममा लगाएको पाइएमा प्रहरीले उनीहरुको उद्धार गर्ने गरेको बताउँदै बालश्रमबारेको सूचना आदान-प्रदानमा सहकार्य हुनुपर्ने धारणा राखिन् । सामाजिक विकास केन्द्रद्वारा संचालित रामघाट केन्द्रका अध्यक्ष लक्ष्मीप्रसाद अधिकारीले श्रमिकहरुको बस्तीमा रहेका बालबालिकाहरुलाई कुलतबाट जोगाउन र उचित शिक्षा दिने अभियानमा सवैको सहयोग चाहिने बताए ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा पोखरा ८ की वडासदस्य पवित्रा केसी,शिक्षक प्रेमनारायण पोखरेलगायतले बालश्रमको समस्या बुझ्न श्रमिक भएको क्षेत्रमा नै पुग्नुपर्नेमा जोड दिएका थिए ।

# सेवाग्राही नआएपछि बिहानी सेवा बन्द

**पोखरापत्र संवाददाता**
दमौली, १६ असार

जिल्ला प्रशासन कार्यालय तनहुँले बिहान ७ बजेदेखि सेवा दिँदै आएकामा सोचेअनुसार सेवाग्राही नआएपछि बिहानी सेवा बन्द गरेको छ ।

कार्यालयमा नागरिकता र राष्ट्रिय परिचयपत्रका लागि गत जेठ ३० गतेदेखि बिहान ७ बजेदेखि सेवा प्रवाह गर्न थालिएको थियो । सेवाग्राही न्यून भएपछि कार्यालयले आइतबारदेखि उक्त समयमा सेवा बन्द गरिएको प्रशासकीय अधिकृत विकास श्रेष्ठले जानकारी दिनुभयो । सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवा सुरु गरे पनि सेवाग्राही नियमित समयमा नै आउने भएपछि बिहान १० बजेदेखि पूर्ववत् अवस्थामा सेवा दिन थालिएको उहाँको भनाइ छ । यहाँ केही दिनदेखि दैनिक औसतमा ४२ जना नागरिकता र ११७ राष्ट्रिय परिचयपत्रका लागि आउने गरेका छन् । विगतमा दैनिक १०० भन्दाबढी नागरिकता र २०० भन्दाबढी राष्ट्रिय परिचयपत्रका लागि आउने गरेका थिए ।



# पदमार्ग...

गाइडको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । कार्यक्रममा होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, वडा प्रहरी कार्यालय बैदामका प्रहरी नायब उपरीक्षक सन्तोष निरौला, टान गण्डकीका प्रथम उपाध्यक्ष तीर्थराज सुवेदी, द्वितीय उपाध्यक्ष मोहन सुवेदी, कार्यसमिति सदस्य रेनुका कार्कीलगायतले पदमार्गको सम्भावनाबारे चर्चा गर्नुभएको थियो ।

## कम्पनीको नाम परिवर्तनबारे सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२।०३।१७**

**मिति २०८२/०१/११ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी पोखरा माउन्टेन बाइक एड्भेन्चरको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिन् व्यहोर्नुपर्ने कर दायित्व तथा नाम सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा सशोधन गर्ने शर्तमा नाम परिवर्तन गरी नेपाल एम टि बि एड्भेन्चरस राखिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।**










फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

# हार्दिक

यस मदरल्याण्ड मा.वि.बाट २०८१ सालको SEE परीक्षामा संलग्न १६६ विद्यार्थीहरु मध्ये १

3.05 देखि 3.59 GPA सहित उक्त परीक्षा उत्तीर्ण गर्न सफल भएकोमा सम्पूर्ण वि



ABHINAV PARAJULI 4.00 GPA
AHMON GURUNG 4.00 GPA
ARADHYA PAUDEL 4.00 GPA
ARPAN PAUDEL 4.00 GPA
BISHESH BANJARA 4.00 GPA

AADITYA BHATTARAI 3.96 GPA
ALISHA PARAJULI 3.96 GPA
BIBEK SUBEDI 3.96 GPA
BIDHAN PARAJULI 3.96 GPA
DIBAS THAPALIYA 3.96 GPA
KRITAGYA GAUTAM 3.96 GPA
KRITIKA KARKI 3.96 GPA
MANDIP ACHARYA 3.96 GPA
NISCHAL BASTOLA 3.96 GPA
OM BISHWAKARMA 3.96 GPA
OMKAR BARAL 3.96 GPA
PARVESH ACHARYA 3.96 GPA

SPANDAN TRIPATHI 3.95 GPA
PRASHANSA SHRESTHA 3.92 GPA
SAJJAN MANI PAUDEL 3.92 GPA
SALINA LAMICHHANE 3.92 GPA
SILVIYA DHAKAL 3.92 GPA
AADITYA KHATRI 3.91 GPA
AAYAM POUDEL 3.91 GPA
ABHISHREE BARAL 3.91 GPA
ASHIM RAWAL 3.91 GPA
AWARD THAPA 3.91 GPA
BINITA BARAL 3.91 GPA
KRIPA ADHIKARI 3.91 GPA

ANUPAM SHRESTHA 3.87 GPA
ANUSKA CHHETRI 3.87 GPA
APECHHYA KOIRALA 3.87 GPA
BARDAN ADHIKARI 3.87 GPA
KRISHA GAIRHE 3.87 GPA
SUBINDRA JUNG K.C. 3.87 GPA
SUNAMI BHANDARI 3.87 GPA
SUYENA GAUTAM 3.87 GPA
UJJWAL PAHARI 3.87 GPA
MILSON SHRESTHA 3.86 GPA
SANDESH RAI 3.86 GPA
ARPAN LAMA 3.84 GPA

SUDHAN SUNCHAWRI 3.83 GPA
SURAKSHYA DHAKAL 3.83 GPA
ROSEDIP KARKI 3.81 GPA
BISHAN KARKI 3.80 GPA
JASMINE GURUNG 3.80 GPA
NIJOL PAUDEL 3.80 GPA
SAFAL ADHIKARI 3.80 GPA
SAMRAT GURUNG 3.80 GPA
AVIPSA BHATTARAI 3.79 GPA
PETER TAMANG 3.79 GPA
PRABEG ADHIKARI 3.79 GPA
SAURAV KUNWAR 3.79 GPA

SONIYA GAUTAM 3.75 GPA
DIPIKA NEPALI 3.74 GPA
ISHAN GIRI 3.74 GPA
RANI GUPTA 3.74 GPA
SAMIKSHYA GIRI 3.73 GPA
AAYUSHA GHIMIRE 3.71 GPA
DURDARSHI BARAL 3.71 GPA
PRANJALI ADHIKARI 3.71 GPA
SYON SHRESTHA 3.71 GPA
ABHUDAYA SIGDEL 3.70 GPA
PRASHANT SUBEDI 3.70 GPA
SHREYESH GAUTAM 3.70 GPA

SUCHIT DARNAL 3.66 GPA
SUBRIKSHA TIWARI 3.65 GPA
ADITI SUBEDI 3.63 GPA
RAM BAHADUR CHHETRI 3.62 GPA
SMRITI ADHIKARI 3.62 GPA
AVAYA POUDEL 3.60 GPA
SAKAR SHARMA 3.59 GPA
SAKSHYAM KHATRI 3.59 GPA
PRAGNA SHRESTHA 3.58 GPA
RHYTHM PAUDEL 3.58 GPA
JESSICA GURUNG 3.56 GPA
PRANJAL SITAULA 3.56 GPA

RABSON GIRI 3.44 GPA
RYAN GURUNG 3.43 GPA
BISHWASH NEUPANE 3.37 GPA
AADARSHA BARAL 3.34 GPA
SUPRIYA LALCHAN 3.31 GPA
DENISHA SHRESTHA 3.29 GPA
DIPESH BISHOWKARMA 3.25 GPA
NISHANTA PURI 3.25 GPA
SUDITEE GIRI 3.24 GPA
SAMRIDDHA LAMICHHANE 3.21 GPA
JASMINE THAPA 3.05 GPA

**पुनश्च:**

**कक्षा ११ को प्रवेश परीक्षा फाराम वितरण भइरहेको छ।**


**परीक्षा मिति : २०८२ असार २३ गते, सोमबार**

**समय : दिउँसो १२:३० बजे**

**+2 SCIENCE MANAGEMEN**

# बधाई

१ जना विद्यार्थी 4.0 GPA सहित १३७ जनाले 3.60 देखि 4.0 GPA सम्म र २९ जनाले
द्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै समुज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।




## मदरल्याण्ड मा.वि. परिवार

पोखरा-७, मासबार

०६१-४५३२५६, ४५५३७७

motherland.edu.np